सामान्यतः एउटा अनुसन्धानकर्ताले निर्धारित उद्देश्य अनुसार तथ्याङ्क सङ्कलन गरेको हुन्छ । यसमा स्मार्ट (SMART) सूत्रको प्रयोग गरेको हुन्छ । स्मार्ट भनेको विशिष्टता मापनयोग्य, पहुँच, वास्तविकता र समय निर्धारणलाई जनाउँदछ । अनुसन्धानकर्ता आफै लक्ष्य तथा योजनासंग जानकार हुनुपर्दछ । कुनै पनि अनुसन्धान कार्यमा अनुसन्धानकर्ता आफै सतर्क र सक्रिय रहनु पर्छ अन्यथा अनुसन्धानले प्राप्त गर्ने उद्देश्य दिशाहिन हुन सक्छ ।

यस पत्रमा जनकपुरधामको सांस्कृतिक पथ (मार्ग)को ढाँचा तयार गर्न जनकपुधामका सम्पूर्ण बाटाघाटासंग नजिक भई यसको तथ्याङ्क सङ्कलन गरिएको छन । यस्ता बाटा-घाटाका तथ्याङ्क सङ्कलन गर्दा प्राचीनदेखि वर्तमानसम्मका बाटा-घाटालाई ध्यानमा राखी अनुसन्धान-पत्रमा समेट्ने काम भएको छ । लेखक आफै ठाउँ-ठाउँमा गएर वास्तविक तथ्याङ्क सङ्कलन गरेको हुनाले यस अनुसन्धान-पत्रमा त्रूटिको सम्भावना निकै न्यून छ । जनकपुरधामकालागि यो एउटा नवीन काम हुन गइरहेकोले बडो सतर्कतापूर्वक काम गर्नु पर्ने हुन्छ । यसैलाई ध्यानमा राखी अनुसन्धानकर्ताले वडो मिहिनेत साथ पत्र तयार गरेको जानकारी गराउन चाहन्छ ।

**(४) विश्लेषण (Analysis):**

जनकपुरधाममा अहिले केही सडक सञ्जालको विकास भएपनि कहाँबाट शुरू गर्ने र कहाँ गएर अन्त गर्ने किटानीसाथ राखेको देखिएन । शुरू-शुरूमा ढल्केवर-भीट्ठामोड सडकको निर्माण हुँदा जनकपुरधाममा एउटा जिरो माइलको केन्द्र बनाइयो । राष्ट्रिय-अन्तर्राष्ट्रिय पर्यटकहरू आउँदा जनकपुरधामको पर्यटन कहाँबाट शुरू गर्ने र कहाँ अन्त गर्ने निश्चितता देखिएन । यसै समस्यालाई मनन गरी जनकपुरधाम सम्पदा पथ (मार्ग) सीमाङ्कन खाका तयार गर्ने काम यस संस्थाबाट निश्चय गरे अनुसार यस खाकालाई पूर्णता दिने काम भएको छ ।

यस खाकामा जनकपुरधामका सम्पदाहरूसंग नजिक हुन जम्मा नौवटा करिडोरमा बाँडेर भ्रमण पथ (बाटा)लाई सजिलो बनाइएको छ । ती नौवटा करिडोर क्रमशः जानकी करिडोर, विहारकुण्ड करिडोर, मणिमण्डप करिडोर, कुपेश्वरनाथ करिडोर, विद्यापीठ करिडोर, बेलाकुटी करिडोर, पापमोचनी करिडोर, अन्तर्गृही परिक्रमा करिडोर र मध्यमा परिक्रमा करिडोर रहेका छन् । यी सबै करिडोरको मूल केन्द्र जानकी चौक लाई निश्चित गरिएको छ । जहाँबाट आए पनि जानकी चौकबाट शुरू गरी पुनः यसै चौकमा फर्कने गरी करिडोर

**(२) शिव पथ (मार्ग) :**

यस सडकको लम्बाइ ५ कि.मि. रहेको छ । यसको शुरुआत जानकी मन्दिरको पूर्व गेटबाट शुरू भई मिल्स एरिया हुँदै शुभनारायण चोक, सीता चोक, पुल चोक पार गर्दै उत्तर दिशामा शिवपुर गाँउसम्म पुगेको छ । यस मार्गको दायाँ बायाँ भागमा पर्ने मूर्त सांस्कृतिक सम्पदाहरूमा शहीद शुभनारायण सालिक, बावन बिघा (प्राचीन जनक दरवार रहेको ठाउँ), शिवगढी, दुर्गा मन्दिर, रामजानकी मन्दिर, हनुमान मन्दिर रहेका छन् । अमूर्त सांस्कृतिक सम्पदाहरूमा भक्तिगीत, झिझियागीत, भगवतीगीतका साथै अन्य लोकगीतहरू रहेका छन् । यी धार्मिक ठाउँहरूमा सा-साना व्यापारको रूपमा साना-साना पसलहरू, श्रृंगारका पसलहरू रहेका छन् । जनकपुर भित्र यस सडकको दायाँ बायाँ भागमा ठुल्ठुला पसल, होटल, लज आदि रहेका छन् । यसको प्रस्तावित नाम शिव पथ (मार्ग) नै रहेको छ ।

**(३) जनकपुरधाम-झोंझीकटैया पथ (मार्ग) :**

यस मार्गको लम्बाई १२ कि.मि. रहेको छ । यस मार्गको शुरुआत जनकपुरधामको क्याम्पस चोक बाट कुवा, लोहना, झोंझीकटैया हुँदै नेपाल-भारत बोर्डरसम्म पुगेको छ । यस मार्गलाई अहिले ग्रेभलिङ्ग मात्र गरिएको छ । यस मार्गको दायाँ बायाँ भागमा अवस्थित मठ, नारीकला केन्द्र, झोझीकटैयाको रामजानकी मन्दिर तथा जमुनी नदी रहेका छन् ।

मठ मन्दिरमा गाइने भक्तिगीतहरू, कीर्तन-भजन, महादेवको नचारी, मैथली लोकगीतका साथै नारीकला केन्द्रमा मिथिला पेन्टिङ्गलाई अमूर्त सम्पदाको रूपमा लिन सकिन्छ । यस सम्पदाहरूका वरिपरि लटगेना, कठघेरा पसलका साथ-साथै फूलमाला, फलफूल, जलपान तथा बेलपत्र जस्ता पसलहरू फस्टाएका छन् । यसको प्रस्ताविक नाम कुपेश्वरनाथ पथ (मार्ग) हो ।

**(४) जनकपुरधाम-भ्रमरपुरा पथ (मार्ग) :**

यस मार्गको लम्बाइ ७ कि.मि. रहेको छ । यसको शुरुआत जनकपुरधाम-ढल्केवर सडक खण्डको भ्रमरपुरा चोकबाट भ्रमरपुरा गाँउ हुँदै लोकदेवता कारीक स्थान (पडौल) सम्म पुगेको छ । यस मार्गको दायाँ बायाँ भागमा पाइने मूर्त सांस्कृतिक सम्पदाहरूमा दूधमतीघाटमा अवस्थित शिव मन्दिर, रामजानकी मन्दिर, कारीक स्थान (मन्दिर) रहेका छन् । अमूर्त सम्पदाहरूमा दूधमती गंगामा गरिने स्नान मुख्य रहेको छ । यसको दायाँ बायाँ भागमा पाइने मन्दिरहरूमा गाइने भक्तिगीतलाई लिन सकिन्छ । कारीक स्थानमा गाइने

मन्दिर, बहुअर्वा कुटी, पञ्चुमुखी मनोकामना सिद्ध हनुमान मन्दिर रहेका छन् । यसको अमूर्त सम्पदाहरूमा विभिन्न लोकगीत, भक्तिगीत, झिझिया गीत तथा नाच, जटजटीन गीत तथा नाचहरूका साथै अन्य गीतहरू रहेका छन् । यस मार्गमा पर्ने गंगासागर तथा धनुषसागरमा बोटिङ्गको सम्भावना उच्च रहेको छ । यस मार्गको दायाँ-बायाँ भागमा खाजा, होटल, फलफूल, श्रृंगार तथा कस्मेटिक, औषधी पसलहरू रहेका छन् । यस्ता पसलहरूलाई व्यापारिक अवसरको रूपमा प्रयोग गरेका छन् । यस मार्गको प्रस्तावित नाम हरिश्चन्द्र पथ (मार्ग) नै राखिएको छ ।

### **१७. वाल्मीकि पथ (मार्ग) :**

यस मार्गको शुरुआत भैरव चोकबाट धनुषा जिल्ला प्रहरी कार्यालय, विषहरा सर पार गर्दै मण्डल सेवा आश्रमको मूल गेट सामुने परिक्रमा सकडमा गएर मिसिन्छ । यसको लम्बाई लगभग ०.५ कि.मि. रहेको छ । मार्गमा पर्ने मूर्त सम्पदाहरूमा भैरव मन्दिर तिरहुतिया गाछी मैदान, महेन्द्रनारायण निधि स्मृति भवन, धानुक कुटी, मण्डल (केवट) सेवा आश्रम, विषहरा सर रहेका छन् । यस्तै अमूर्त सम्पदाहरूमा मठ-मन्दिरमा गाइने भक्तिगीत-संगीत, मैथिली लोकगीत रहेका छन् । यस मार्गमा पर्ने विषहरा सरलाई सरसफाइ गरी बोटिङ्गको प्रवल सम्भावना रहेको छ । यस मार्गको वरिपरी केही कठघेरा तथा सानो छाप्रो बनाइ लटगेना, किराना, फलफूल पसलहरू खोलेर साधारण व्यापार गरिरहेका छन । यस मार्गको प्रस्तावित नाम भैरव (पथ) मार्ग तोकिएको छ ।

### **१८. विश्वामित्र पथ (मार्ग)** :

विश्वामित्र मार्गको लम्बाई निकै छोटो छ । यसको लम्बाई ०.२५ कि.मि. मात्र रहेको छ । यसको शुरुआत विषहरा सरदेखि उत्तर दिशामा बढ्दै जाँदाको बाटोमा पर्ने जिल्ला हुलाक कार्यालयलाई पार गर्दै हरिश्चन्द्र मार्गमा गएर मिल्छ । यस मार्गको दायाँ-बायाँ भागमा पर्ने मूर्त सम्पदाहरू क्रमशः विषहरा सर, धानुक कुटी, रेडक्रस भवन, नेपाल परिवार नियोजन संघ, आन्तरिक राजश्व कार्यालय रहेका छन् । यस मार्गमा पर्ने विभिन्न मैथिली लोकगीत तथा नाच, भक्तिगीत, किर्तन-भजनलाई अमूर्त सम्पदाको रूपमा लिन सकिन्छ । यस मार्गमा केही किराना पसलहरू रहेका छन । अन्य पसलहरूमा फोटोग्राफी, इन्टरनेट, अडिट गर्ने फर्म समेत रहेका छन् । यस मार्गको प्रस्तावित नाम विषहरा पथ ( मार्ग) रहेको छ ।

## १९. परशुराम पथ (मार्ग) :

यस मार्गको लम्बाई लगभग १ कि.मि. छ । यो जानकी चौकबाट शुरू भइ धनुषा पथमा मिलेर अन्त हुन्छ । यस मार्गको दायाँ-बायाँ भागमा पर्ने मूर्त सम्पदाहरूमा चन्द्रकूप (देवान पोखरी), जानकी मन्दिर, शुभनारायण स्मारक, धर्मसंस्था रहेका छन् । विभिन्न मैथिली लोकगीत तथा भक्तिगीतहरूलाई अमूर्त सम्पदाको रूपमा छन् । यस मार्गका व्यापारिक अवसरहरूमा साना साना होटल, लटगेना, किराना, फलफूलका पसलहरू रहेका छन् । यसको प्रस्तावित नाम चन्द्रकूप पथ (मार्ग) राखिएको छ ।

## २०. गौशाला पथ (मार्ग) :

यस मार्गको लम्बाई ०.२५ कि.मि. रहेको छ । तिरहुतिया गाछी मैदानको भैरव चोकबाट शुरूभई पश्चिम दिशातिर बढ्दै महावीर चोकमा गएर अन्त हुन्छ । यस मार्गमा पर्ने मूर्त सम्पदाहरूमा रामसागर सर, नुनिया कुटी, रामएकवाल रामजी धर्मशाला, महावीर मन्दिर रहेका छन् । विभिन्न मैथिली लोकगीत तथा नाचका साथै भक्तिगीतहरूलाई अमूर्त सम्पदाको रूपमा लिन सकिन्छ । विभिन्न होटल, मिठाइ पसल, खाजा घर तथा ठुल्ठूला विभिन्न पसलहरू रहेका छन् । यस मार्गको प्रस्तावित नाम रामसागर पथ (मार्ग) रहेको छ ।

## २१. रङ्गभूमि बारहबिघा पथ (मार्ग) :

यसको लम्बाई २ कि.मि. छ । यो मार्ग रङ्गभूमि मैदानबाट शुरू भई रजौल-बेल्हीसम्म पुगेको छ । यस मार्गको दायाँ-बायाँ भागमा पर्ने मूर्त सम्पदाहरूमा रङ्गभूमि मैदान, दुर्गा मन्दिर (बेल्ही), राधाकृष्ण मन्दिर (राधे सम्प्रदाय) रहेका छन् । अमूर्त सम्पदाको रूपमा दुर्गा मन्दिर र राधा कृष्णा मन्दिरमा गाइने भक्तिगीतहरूलाई लिन सकिन्छ । दशैंका अवसरमा दुर्गा मन्दिरमा गाइने झिझिया तथा जटजटिनका गीत नाचलाई समेत अमूर्त सम्पदाको रूपमा लिन सकिन्छ । यस मार्गको छेउछाउमा पर्ने साधारण खालका किराना, श्रृंगार, फलफूल, लटगेना पसलहरू रहेका छन् । यसको प्रस्तावित नाम रङ्गभूमि पथ (मार्ग) राखिएको छ ।

## २२. पेठिया पथ (मार्ग) :

यस मार्गको शुरुआत जानकी मन्दिरको दक्षिणमुखको गेटबाट हुँदै सोनारपट्टी, पेठिया (पुरानो हटिया) सम्म गएर अन्त भएको छ । यसको लम्बाई लगभग ०.५० कि.मि. रहेको छ । यस मार्गको दायाँ-बायाँ भागमा पर्ने मूर्त सम्पदाहरूमा जानकी मन्दिर, महावीर मन्दिर, गणेश मन्दिर रहेका छन् । अमूर्त सम्पदाको रूपमा विभिन्न भक्तिगीत-संगीतलाई लिन

सकिन्छ । यस मार्गमा हटिया परेको हुनाले यसमा विभिन्न खाद्यान्न, तरकारी, श्रृंगारका सरसमान, फलफूल, माटाका भाडावर्तन, चुडा, स्टीलका भाडावर्तन पसलहरू सञ्चालन गरेका छन् । यस मार्गको प्रस्तावित नाम महावीर पथ (मार्ग) राखिएको छ ।

**२३. जलाइद पथ (मार्ग) :**

यस मार्गको शुरुआत मोनास्टिक स्कूलदेखि जलाइद पार गर्दै कपिलेश्वर मठसम्म पुगेर अन्त हुन्छ । यसको लम्बाई लगभग २.५ कि.मि. रहेको छ । यस मार्गको दायाँ-बायाँ भागमा पर्ने मूर्त सम्पदाहरू क्रमशः जलाइद नदी, कपिलेश्वरनाथ महादेव मन्दिर, राजदेवी मन्दिर (कपिलेश्वर), किर्तन भवन (कपिलेश्वर) रहेका छन् । अमूर्त सम्पदाको रूपमा महादेवको नचारी, भक्तिगीत, भगवती मन्दिरमा गर्ने दुर्गा सप्तसती पाठ आदिलाई लिन सकिन्छ । यसको प्रस्तावित नाम कपिलेश्वरनाथ पथ (मार्ग) राखिएको छ ।

अब उप्रान्त यी उपरोक्त सडक मार्गहरूलाई पर्यटकहरूको भ्रमण सुविधाका लागि नौ वटा करिडोरमा बाँडेर अगाडी वर्णन गरिन्छ । यसलाई विद्युतीय रूपमा राखिने हुनाले भोलीका दिनमा पर्यटकहरू सजिलोसँग जनकपुरधामका सम्पदाहरू नजिक पुग्न सहयोग गर्ने छ ।

**करिडोर मार्गहरू (Corridor Routs)**

पुरै जनकपुरधामका बाटाघाटालाई भ्रमण सुविधाको उद्देश्यले जम्मा नौ भागमा बाँडेर छोटकरीमा वर्णन गरिन्छ । यी करिडोरहरू निम्न अनुसार रहेका छन् :

**१. जानकी करिडोर :**

यस करिडोरको मुख्यकेन्द्र जानकी मन्दिरलाई मानिएको छ । यसलाई जानकी चोकबाट शुरू गरी जानकी पथ हुँदै जनक चोक, गंगासागर को उत्तर, पूर्व तथा दक्षिण डिलको सडक हुँदै राम चौक, हटिया, महाराज सागर, तुलसी स्मारक, रङ्गभूमिको पश्चिमभागको सडक हुँदै संकट मोचन हनुमान मन्दिरलाई पार गर्दै पुनः रङ्गभूमि मैदानको उत्तरतिरबाट देवी चोक हुँदै जानकी चोकमा फर्किन्छ । यसको लम्वाई लगभग ७ कि.मि. रहेको छ । यस करिडोरभित्र पर्ने मूर्त सम्पदाहरूमा जानकी मन्दिर, लक्ष्मण मन्दिर,

